# लेकम गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १, संख्याः १९, मितिः २०८१/०१/२४

## भाग -२

## योजना अनुगमन कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

लेकम गाउँपालिका

# योजना अनुगमन कार्यविधि, २०८०

**प्रस्तावनाः** लेकम गाउँपालिकाद्वारा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरूलाई अनुगमनको माध्यमबाट पारदर्शी, दिगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वाञ्छनीय भएकोले गाउँपालिकाले **योजना अनुगमन कार्यविधि, २०८०** बनाई कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लेकम गाउँपालिका योजना अनुगमन कार्यविधि,२०८०" रहेको छ।

(२) यो कार्यविधि स्थानीय कार्यपालिकाले निर्णय गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कायविधि"** भन्नाले लेकम गाउँपालिकाको योजना अनुगमन कार्यविधि, २०८० लाई सम्झनु पर्छ।

(ख) **"गाउँपालिका"** भन्नाले लेकम गाउँपालिका सम्झनुपर्छ।

(ग) **"अनुगमन"** भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ/छैन र कार्यतालिका अनुसार क्रियाकलापहरू कार्यान्वयन भई अपेक्षित उपलब्धि हासिल भएको छ/छैन भनी गाउँकार्यपालिकाद्वारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्वारा निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

(घ) **"अनुगमन समिति"** भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन समिति सम्झनु पर्दछ।

## परिच्छेद - २
## अनुगमन समिति

**३. अनुगमन समिति** (१) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरूलाई नतिजामुखी बनाउन देहायका सदस्यहरू रहेको एक अनुगमन समिति रहनेछः

(क) गाउँपालिकाको उपाध्यक्ष – संयोजक

(ख) प्रमुख प्रशाकीय अधिकृत – सदस्य

(ग) गाउँ कार्यपालिकाले तोकेको दुई जना सदस्य – सदस्य

(घ) योजना तथा अनुगमन शाखा/उपशाखा प्रमुख – सदस्य सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरूको गुणस्तरीयता कायम गर्नका लागि स्वयम् वा प्रतिनिधि खटाई योजनाहरूको विशेष अनुगमन गर्न बाधा पुगेको मानिने छैन । साथै आवश्यकता परेमा अनुगमन समितिले जिल्ला समन्वय समितिका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(२) गाउँपालिका वा वडा स्तरबाट सञ्चालित रु. पाँच लाख भन्दा बढीका योजनाहरूको हकमा अनुगमन समितिले अनिवार्य अनुगमन गरी अनुसूची १ बमोजिमको प्रतिवेदन दिनुपर्ने छ भने पाँच लाख भन्दा तलका योजनाहरूको अनुगमनका लागि वडा समितिलाई अधिकार प्रदान गर्न सकिनेछ ।

(३) वडा स्तरमा सञ्चालित कुनै पनि योजनाहरूको अनुगमन वडा समितिबाट पनि निरन्तर रूपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरू वडा अध्यक्ष मार्फत गाउँ स्तरीय अनुगमन समितिसमक्ष पेस गरिनेछ।

(४) वडा स्तरीय योजनाको अनुगमन सुपरिवेक्षण गर्दा सम्बन्धित वडाका वडा अध्यक्षलाई आमन्त्रित सदस्यको रूपमा हुनेछ ।

**४.अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन गर्ने।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँसभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरू उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन प्रतिवेदन तयार गरी पेस गर्ने ।

(ङ) गाउँसभा, गाउँकार्यपालिका तथा अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(च) अन्तिम अनुगमनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमीकमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाइएमा कारबाहीका लागि सिफारिस गर्ने ।

## परिच्छेद- ३

## अनुगमन सुविधा

**५.अनुगमन सुविधा :** परिच्छेद २ को दफा (१) बमोजिमको अनुगमन समितिको पदाधिकारी तथा कर्मचारीहरूले देहायको दरमा अनुगमन सुविधा प्राप्त गर्नेछन् ।

(क) जनप्रतिनिधिको अनुगमन सुविधा प्रदेश कानुनमा तोकेबमोजिम हुनेछ ।

(ख) कर्मचारीको अनुगमन तहगत रूपमा निर्धारण गरिएको दैनिक भ्रमणभत्ता बराबरको रकम ।

## परिच्छेद - ४

## अनुगमन प्रतिवेदन

६.**अनुगमन प्रतिवेदनः** परिच्छेद २ को दफा (१) बमोजिम गठित अनुगमन समितिले अनुसूची १ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी अध्यक्ष मार्फत कार्यपालिका बैठकमा पेस गर्नु पर्नेछ ।

७. **प्रतिवेदन पेस गर्ने अवधि :** परिच्छेद २ को दफा (१) बमोजिमको समितिले अनुसूची १ बमोजिमको प्रतिवेदन गाउँकार्यपालिका बैठकसमक्ष पेस गर्नु पर्नेछ ।

## परिच्छेद - ५

## विविध

८.**बाधा अड्काउ फुकाउ तथा संशोधन :** (१) यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

लेकम गाउँपालिका

## अनुसूची - १
## परिच्छेद ४ को दफा ६ र ७ सँग सम्बन्धित
## लेकम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, रातामाटा
## योजना अनुगमन समितिको प्रतिवेदन

मिति : ......................

श्री अध्यक्षज्यू,
लेकम गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
रातामाटा, दार्चुला ।

लेकम गाउँपालिकाको गाउँसभाले आ.व. .......... ..... मा सञ्चालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना सञ्चालन पश्चात् गाउँ/वडा स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेस गरेको अनुगमन प्रतिवेदनः

१. योजनको नाम : ......................................................
२. योजना सञ्चालन भएको स्थान : .............................................
३. विनियोजित रकम : ................. जनश्रमदान : .............. कूल लागत : .................
४. सम्झौता मिति : .................... सम्पन्न गर्नुपर्ने मिति : ................ सम्पन्न भएको मिति : ...........

**५ अनुगमनका क्रममा देखिएका कुराहरू :**

| क्र.सं. | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्वीकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४ | आयोजना सूचना पाटीमा (सबैले देख्ने ठाउँमा) | | | |

**६ आयोजना सञ्चालनमा देखिएका समस्याहरूः**

१. ....................................
२. ..............................
३. ..........................................

७. अनुगमन समितिको सुझाव :

१. .....................................

२. ...............................

३. .........................................

८. अनुगमन समितिको निष्कर्ष : ......................................................................
................ ................ ................................ ...................................
.......................................... ..... .....................................................

९. अनुगमनमा संलग्न पदाधिकारी

| क्र.सं. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

अनुगमन समितिको संयोजकः

नाम, थर : .....................................

पद : ..................................

हस्ताक्षर : .............................

मितिः ......................................

आज्ञाले

अर्जुन सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका